छलफलका विषयहरुः-

१. विधुत प्रधिकरण तालिम केन्द्रको होस्टेलमा संचालित क्वारेन्टाइन सेन्टर बन्द गर्ने ।

२. कोल्ड च्याम्बर खरिद

निर्णयहरुः-

१. नेपाल विधुत प्राधिकरण इन्जिनियरिङ्ग सेवा निर्देशनालय तालिम केन्द्र भक्तपुर खरिपाटीको च.नं. ८५ मिति २०७७/१०/२० पत्रबाट चाँगुनारायण नगरपालिका वडा नं.४ स्थित नेपाल विधुत प्राधिकरणको तालिम केन्द्रको परिसरमा तिन वटा होस्टेल भवन रहेकोमा नेपाल सरकारको निर्णयअनुसार नेपाल सरकार शहरी विकास मन्त्रालय संघिय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सानोगौचरण, काठमाडौँ "FSCMO SUPPORT DESK" मार्फत क्वारेन्टाइन सेन्टर उक्त स्थानमा संचालन गरिएको र नेपाल विधुत प्रधिकरण, तालिम केन्द्रबाट संचालन हुने नियमित तालिम संचालन गर्न उक्त होस्टेलहरु आवश्यक भएको तथा हाल उक्त क्वारेन्टाइन सेन्टर संचालनमा नरहेकोले त्यहाँ रहेका सामाग्रीहरु जिल्ला अस्पताल,भक्तपुर र स्वास्थ्य कार्यालय, भक्तपुरले समन्वय गरी व्यवस्थापन गर्ने । त्यहाँ रहेका सुरक्षाकर्मीलाई समेत फिर्ता गर्ने ।

२. भक्तपुर जिल्ला अस्पताल भक्तपुरका लागि शव राख्ने १ (एक) थान कोल्ड चेम्बर खरिद गर्न सूर्यविनायक नगरपालिका,भक्तपुरलाई अनुरोध गर्ने ।

३. मध्यपुर थिमि नगरपालिका र चाँगुनारायण नगरपालिका बाट कोभिड-१९ आइसोसन लगायतका सामाग्री खरिद गर्न (दुई लाख) मध्ये (एक लाख) नेपाली सेना लाई पठाइएकोमा बाँकी रहेको रकम रु. (एक लाख) पुनः पठाउने निर्णय गरियो ।

४. नेपाल रेडक्रस सोसाइटी, भक्तपुरको पछाडी पट्टी शव व्यवस्थापनको लागि मर्चरी हाउस राख्ने ।